E-Mail : shikharmunicipality@gmail.com
E-Mail : int.shikharmunicipality@gmail.com
Web : www.shikharmun.gov.np

# शिखर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तल्कोट, डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:०८२/८३
च.नं: ९३६१

मिति :-२०८३/०२/०५

बिषय : सूचना टाँस गरिदिने बारे ।

श्री सम्पूर्ण वडा कार्यालयहरु,
शिखर नगरपालिका, डोटी ।

प्रस्तुत बिषयमा शिखर नगरपालिका कृषि विकास शाखाको मिति २०८३/०२/०५ गतेका दिन प्रकाशित सूचना यसै पत्र साथ संलग्न राखि पठाएको छ, सो सूचना तहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी प्रसारप्रचार गर्नमा सहयोग गरिदिन हुन अनुरोध छ ।

......................
(शेर बहादुर बुढा)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

E-Mail : shikharmunicipality@gmail.com
E-Mail : int.shikharmunicipality@gmail.com
Web : www.shikharmun.gov.np

# शिखर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तल्कोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:०८२/०८३
च.नं.:

**दोस्रो पटक सूचना प्रकाशित मितिः२०८३/०२/०५**

शिखर नगरपालिकाको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत प्रदेश सरकारको शसर्त वित्तीय हस्तान्तरण (विषेश अनुदान) **जलवायु अनुकूलन स्मार्ट कृषि विकास कार्यक्रम संचालन** गर्नुपर्ने हुदाँ यस शिखर नगरपालिका भित्र रहेका ईच्छुक कृषि समूह, कृषि सहकारी, कृषि फर्म तथा कम्पनीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात् मिति २०८३/०२/११ गते भित्र यस शिखर नगरपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीका लागि शिखर नगरपालिका कृषि विकास शाखा तल्कोट, डोटीका कर्मचारीहरुको सम्पर्क नम्बर ९८४८६२८६०१, ९८५८४८५८५८ मा सम्पर्क गर्न सकिनेछ ।

..................
(शेर बहादुर बुढा)
प्रमुख प्रशासकीय अधिकृत

**निवेदन साथ पशे गर्नुपर्ने कागजातहरुः**

१) तोकिएको ढाँचा अनुसारको प्रस्तावना,
२) कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणको प्रतिलिपि,
३) कृषि फर्म/उद्यमिको हकमा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
४) कार्यक्रम संचालन हुने स्थान(जग्गा/जमिन) को लालपुर्जा प्रतिलिपि(कम्तिमा १० रोपनी) वा भाडाको जग्गा भएमा तरकारी खेतीको हकमा कम्तिमा ५ वर्ष र फलफुल खेतीको हकमा कम्तिमा २० (बिस) वर्षको सम्झौतानामा,
५) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि(समूहको हकमा समूहका सम्पूर्ण सदस्यहरुको नागरिकता प्रतिलिपी),
६) कृषक समूह/सहकारीको हकमा निर्णय प्रतिलिपि,

**आधारभुत मापदण्डहरुः**

१) गत आ.व. ०८१/०८२ र यस आ.व. ०८२/०८३ मा कुनै पनि कार्यालयबाट कृषि अनुदान लिएको पाएमा उक्त कृषक समूह/फर्महरुलाई कार्यक्रममा समावेश गराईने छैन ।
२) जलवायु अनुकूलन सम्वन्धी कृषि क्रियाकलापहरु (संरक्षित संरचना भित्र तरकारी खेती ग्रीनहाउस, प्लास्टिक टनेल वा नेट हाउस, प्लाष्टिक तथा सिमेन्ट पोखरी, वर्षाको पानी संकलन गरि पोखरी निर्माण, प्लाष्टिक मल्चिङ्ग खेती प्रवर्द्धन, थोपा सिंचाई जडान, वायोचार तथा जैविक तथा वनस्पती विषादी निर्माण, ईन्सेक्ट नेट आदि) जस्ता कार्यहरु गर्ने कृषि फर्म/समूहहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
३) चाक्लावन्दी रुपमा १० रोपनी जग्गामा एउटै स्थानमा तरकारी तथा फलफुल खेती गर्ने कृषक समूह, कृषि सहकारी र कृषि फर्महरुलाई मात्र यस कार्यक्रममा समावेश गराईनेछ ।